# जोरायल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स.: २०८३/०८४
सूचना नं.: १२

**कवाड कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी बोलपत्र आह्वानको सूचना !**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/१०)

ठेक्का नं.: 01/JRM-SQ/2083/084

यस जोरायल गाउँपालिका क्षेत्रभित्रका कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसामान बाहेक अन्य यस्तै प्रकृतिका वस्तुको व्यावसायिक उपयोग गरे बापत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९, दफा ६१ बमोजिम पुनः प्रयोग हुने मालसामानको कवाड कर संकलन गर्ने कार्यका लागि चालु आर्थिक वर्ष २०८३/०८४ मा गाउँपालिकाबाट तोकिएको दररेटको बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक इजाजतप्राप्त फर्म, कम्पनीहरुका लागि ७ (सात) दिने बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ।

**तपसिलका शर्तहरू:**

१. **न्यूनतम ठेक्का अङ्क:** मूल्य अभिवृद्धि कर (VAT) र अन्य कर बाहेक **रु. ७५,०००/-** (अक्षरुपी पचहत्तर हजार मात्र) कायम गरिएको छ।

२. **ठेक्का अवधि:** ठेक्का स्वीकृत भई सम्झौता भएको मितिदेखि २०८४ साल असार मसान्तसम्म कायम रहनेछ।

३. **सीमा र दायरा:** तोकिएको क्षेत्रको सीमा रेखाभन्दा बाहिर गई कर संकलन गर्न पाइने छैन। तोकिएको सीमाबाहिर कर असुली गरेको प्रमाण फेला परेमा कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।

४. **बोलपत्र दस्तुर:** इच्छुक फर्म वा कम्पनीहरूले कृषि विकास बैंक, जोरायल शाखामा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. **०८२७१०१३४६८३६१०६** मा नगद **रु. १,०००/-** (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ।

५. **पेश गर्ने र खोल्ने समय:** बोलपत्र **२०८३/०५/१७ गते दिनको १२:०० बजेभित्र** पेश गरिसक्नुपर्नेछ। सोही दिन **दिउँसो २:०० बजे** बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको उपस्थितिमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. **सार्वजनिक बिदा:** बोलपत्र पेश गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो कार्य लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

७. **धरौटी रकम:** बोलपत्र दर्ता गर्दा आफूले कबोल गरेको ठेक्का अङ्कको **५% रकम** यस कार्यालयको कृषि विकास बैंक स्थित धरौटी खाता (खाता नं. ०८२७१०१३४६८३६०५१) मा जम्मा गरेको भौचर वा 'क' वर्गका वाणिज्य बैंकहरूबाट जारी गरिएको कम्तीमा ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ।

२०८३।०५।१०

नि. प्रमुख प्रशासकीय अधिकृत


☎ 9858488039 ✉ jorayalrlmp@gmail.com 🌐 jorayalmun.gov.np facebook.com/jorayalmunpalika

# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल


प.स.: २०८३/०८४
सूचना नं.: १२

८. **सम्झौता र कार्य सञ्चालन:** बोलपत्रदाताले कबोल गरेको ठेक्का अङ्क बराबरको नगद रकम वा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंकद्वारा ठेक्का अवधिसम्मका लागि जारी गरिएको कार्यसम्पादन जमानत दाखिला गरेपछि मात्र ठेक्का सम्झौता भई कार्यादेश (पट्टा पुर्जी) प्रदान गरिनेछ।

९. **किस्ताबन्दी भुक्तानी:** ठेक्का स्वीकृत भएपछि ठेक्का रकम ३ किस्तामा भुक्तानी गर्नुपर्नेछ:

- प्रथम किस्ता: सम्झौता गरेकै दिन अग्रिम।
- दोस्रो किस्ता: फागुन मसान्तभित्र।
- तेस्रो किस्ता: जेठ मसान्तभित्र।

१०. अङ्क र अक्षर: बोलपत्रमा ठेक्का अङ्क लेख्दा अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। म्याद नाघी आएका बोलपत्रउपर कुनै कारबाही हुने छैन।

११. **कर छुट:** कुनै पनि अवस्थामा कर छुटको दाबी गर्न पाइने छैन। संकलन गर्ने करका दररेटहरू गाउँपालिकाको वेबसाइटमा यसै सूचनासंग राखिएको छ।

१२. खामको विवरण: बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको विवरण र नाम स्पष्ट बुझिने गरी लेख्नुपर्नेछ।

१३. **सर्वाधिकार:** बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ।

१४. **बेरुजु सम्बन्धी नियम:** महालेखा परीक्षकको प्रतिवेदन अनुसार सरकारलाई बुझाउनुपर्ने बेरुजु बाँकी रहेका फर्म/कम्पनीहरूले यस बोलपत्र प्रक्रियामा भाग लिन पाउने छैनन्।

१५. **अन्य व्यवस्था:** यस सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित कानुन (सार्वजनिक खरिद ऐन तथा नियमावली) बमोजिम हुनेछन्।

१६. **सूचना हेर्ने स्थान:** यो सूचना जोरायल गाउँपालिकाको सूचना पाटी र आधिकारिक वेबसाइट www.jorayalmun.gov.np मा हेर्न सकिनेछ।

२०८३।०४।१०
चन्द्र सिंह ऐरी
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत


9858488039 jorayalrlmp@gmail.com jorayalmun.gov.np facebook.com/jorayalgaunpalika

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

# कवाड कर संकलन कार्यका लागि बोलपत्र (टेण्डर) फारम

*(फारम दस्तुर: रु. १,०००/-)*

| सि.न. | ठेक्का कार्यको विवरण | कबोल गरेको वार्षिक ठेक्का रकम (VAT बाहेक) | | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | | अङ्कमा (रु.) | अक्षरमा (रु.) | | |
| १ | जोरायल गाउँपालिका क्षेत्रभित्र कवाड कर संकलन गर्ने कार्य | | | | |

**ठेकेदारको तर्फबाट:**

नाम:

फर्म/कम्पनीको नाम:

ठेगाना:

फोन नं.:

दस्तखत:

मिति: